## आर्थिक बर्ष २०७४/०७५ को

# राजस्व परामर्श समितिको प्रतिवेदन

अन्नपूर्ण गाउँपालिका

म्याग्दी जिल्ला

प्रदेश नं. ४

२०७४

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ अनुसार अन्नपुर्ण गाउँ पालिकाले आगामी आर्थिक बर्ष २०७४/०७५ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको सम्वन्धमा नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही गाउँपालिकाको कार्यक्षेत्रभित्र परिचालन गर्नसक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि गठित राजस्व परामर्श समितिमा गाउँ कार्यपालिकाको मिति २०७४/०३/१६ को निर्णय अनुसार देहाय अनुसारको समिति गठन गरिएको थियो :-

राजस्व परामर्श समिति :–

१) संयोजक :- केशमाया मगर ( गाउँ कार्य पालिका उपाध्यक्ष )
२) सदस्य :- अच्युत दाहाल ( कार्यकारी अधिकृत )
३) सदस्य :- पवित्रा खड्का क्षेत्री ( महिला सदस्य )
४) सदस्य :- ओप प्रसाद फगामी ( कार्यपालिका सदस्य )
५) सदस्य :- आत्मा तुलचन ( उद्योग वाणिज्य संध प्रतिनिधि )
६) सदस्य सचिव :- कुल प्रसाद आचार्य ( राजस्य शाखा प्रमुख / वडा नं.१ सचिव )

माथि उल्लेखित समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम तोकिएको थियो :–

क) राजस्व सम्वन्धि नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।
ख) राजस्व स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।
ग) राजस्वको दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।
घ) स्थानीय उद्योग तथा ब्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर, नीति अबलम्बन गर्न परमर्श दिने ।
ङ) कर राजस्व, गौर कर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने ।
च) राजस्य प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरु पेश गर्ने ।

तोकिएको काम, कर्तब्य र अधिकार बमोजिम मिति २०७४/०३/१८ र २०७४/०३/१९ गते विभिन्न विषयगत कार्यालयहरु, सम्वन्धित क्षेत्रका विज्ञ तथा बुद्धिजिवीहरु, सरोकारवाला वर्गहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु लगायतको छलफल तथा बैठकको निर्णय अनुसार यस अन्नपुर्ण गाउँ पालिका क्षेत्रभित्र लगाईने स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका कर, शुल्क तथा ती कर, शुल्कहरुबाट आ.व.२०७४/०७५ को लागि अनुमानित राजस्व तथा अनुदान प्राप्तिको लक्ष्यलाई देहाय अनुसार तोकी प्रतिवेदन दिईएको छ :-

आ.व. २०७४/०७५ बाट लागू हुने गरी अन्नपुर्ण गाउँपालिका क्षेत्रभित्र देहाय अनुसारको सेवा शुल्क तथा दस्तुर लगाउन उपयुक्त देखिन्छ :-

(१) सम्पत्ति कर :–

गाउँपालिका क्षेत्रभित्र बर्षिक आम्दानीको रकम वा मात्रा अनसार एकिकृत सम्पत्ति कर लगाईनेछ । यस सम्वन्धमा आवश्यक गृहकार्य यसै आर्थिक बर्ष देखि प्रारम्भ गरी नियमानुसार प्रकृया अगाडि बढाउन उपयुक्त हुने ।

(२) भूमी कर ( मालपोत ) :–

गाउँ पालिका क्षेत्रभित्र देहाय अनुसारको भूमि कर, मालपोत कर लगाईने र अशुल उपर गर्न उपयुक्त हुने ।

- ५ रोपनी सम्मको न्युनतम रकम रु.३० रुपैयाँ मात्र ।
- सो भन्दा माथि प्रति रोपनी थप रकम रु.५ रुपैयाँ ।

(३) घर वहाल कर :–

गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिईएको कूल रकमको १०% वहाल कर लिन उपयुक्त हुने ।

(४) ब्यवसाय कर :–

गाउँ पालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा ब्यवसाय कर लगाईने र असुल उपर गर्न उपयुक्त देखिन्छ । जसका लागि वडा कार्यालयहरुबाट सम्वन्धित वडा मातहत रहेका ब्यवसायहरुको पहिचान गर्ने तथा उक्त वडाको प्रतिवेदन अनुसार न्युनतम रु.१००० र अधिकतम रु.५००० सम्म ब्यवसाय कर लिन उपयुक्त हुने ।

(५) जडीबुडी, कवाडी र जीवजन्तु कर :–

गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेद गरिएको जीव जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको ब्यवसायिक कारोबार गरे वापत देहाय अनुसारको कर लगाउन असुल उपर गर्न उपयुक्त हुने ।

- साना गाडि प्रति पटक रु.१०००
- ठूलो गाडि प्रति पटक रु२०००

(६) सवारी साधन कर :–

गाउँ पालिका क्षेत्रभित्र प्रचलनमा रहेका वा प्रयोगमा रहेका सवारी साधनहरको संख्या एकिन गरी दर्ता प्रकृयालाई ब्यवस्थित बनाउने कार्यलाई यसै आ.व.बाट सुरु गरी करको दर निर्धारण गर्नु उपयुक्त हुने ।

(७) विज्ञापन कर :–

गाउँ पालिका क्षेत्रभित्र हुने विज्ञानपनहरुमा देहाय अनुसारको विज्ञापन कर लगाउन उपयुक्त हुने :–

- स्थानीय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.१५ का दरले ।
- राष्ट्रिय वा ठूलो उत्पदान/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.५० का दरले ।

(८) मनोरञ्जनात्मक कर :–

जिल्ला प्रशासन कार्यालयबाट मेला सञ्चालनको स्वीकृति एवं अनुमति लिइ गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्नात्मक प्रबृत्तिका कार्यक्रम, पर्व, मेला वा महोत्सवहरु सञ्चालन गरेबापत प्रति मेला एकमुस्ट रु. ५००० रुपैया लिन उपयुक्त हुने ।

(९) वहाल बिटौरी कर :–

गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका हाट-बजार, पसल वा अन्य कुनै प्रकारको ब्यवसायिक भवन प्रयोगमा ल्याईएकोमा प्रतिस्पर्धाको आधारमा हुन आउने अधिकतम रकम बहाल बिटौरी करको रुपमा लगाउन उपयुक्त हुने ।

(१०) पार्किङ्ग शुल्क :–

गाउँपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत देहाय बमोजिमको पार्किङ्ग शुल्क लिन उपयुक्त हुने :–

- दुई पाङ्ग्रे सवारी साधनलाई प्रतिदिन रु.५
- ट्याक्सीलाई प्रतिदिन रु.१०
- यात्रुवाहक बसलाई प्रतिदिन रु.२०
- मालवाहक ठूला गाडिहरुलाई प्रतिदिन रु.५०

(१२) ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :–

गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा ब्यवसाय सञ्चालन गर्ने ब्यवसायीहरुको तथ्याङ्क सङ्कलन गरी शुल्क लगाउने प्रकृयालाई अगाडि बढाउन उपयुक्त हुने ।

(१३) सेवा शुल्क र दस्तुर :–

गाउँ पालिका क्षेत्रभित्र देहाय अनुसारको सेवा, शुल्क तथा दस्तुर लिन उपयुक्त हुने :–

| सि. नं. | सिफारिसको विवरण | आ.व.०७४।०७५ को प्रस्तावित दर प्रति सिफासि रकम रु |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १०० |
| २ | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | २०० |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिस | १०० |
| ४ | नागरिकताको संशोधन सिफारिस | १०० |
| ५ | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | २०० |
| ६ | विद्युत सिफारिस | १०० |
| ७ | विद्युत सिफारिस (थ्रिफेज) | ५०० |
| ८ | नाम संशोधन, नाम छुट तथा दुई नाम थर सिफारिस | १०० |
| ९ | जन्म मिति प्रमाणित | २०० |
| १० | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | २०० |

| | | |
|---|---|---|
| ११ | नाम , थर जन्ममिति संसोधन सिफारिस | १०० |
| १२ | घरजग्गा नामसारी सिफारिस | १०० |
| १३ | सम्बन्ध विच्छेद भएको सिफारिश | २०० |
| १४ | फुकुवा सिफारिस | २०० |
| १५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | २०० |
| १६ | हकवाला संरक्षण सिफारिस | २०० |
| १७ | अविवाहित प्रमाणिकरण सिफारिस | २०० |
| १८ | नक्कल प्रमाणित दस्तुर (मालपोत रसिद समेत ) | २०० |
| १९ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | ३०० |
| २० | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० |
| २१ | घर नक्सा नामसारी सिफारिस | २०० |
| २२ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | ५०० |
| २३ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | २०० |
| २४ | नीजि क्षेत्रका रुख कटान सिफारिस | २०० |
| २५ | मिलापत्र दस्तुर | २०० |
| २६ | नावालक परिचयपत्र सिफारिस | १०० |
| २७ | घटना दर्ता जन्म , मृत्यु , बसाइसराइ, बिबाह र सम्बन्ध बिच्छेद | १०० |
| २८ | विभिन्न दलित, जनजाति तथा थर प्रमाणित | १०० |
| २९ | पारिवारिक विवरण | २०० |
| ३० | खानेपानी सम्वन्धि सिफारिस | १०० |
| ३१ | उद्योग सिफारिस | ५०० |
| ३२ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | १००० |
| ३३ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | ३०० |
| ३४ | चारकिल्ला प्रमाणित | २०० |
| ३५ | ग्रामीण क्षेत्रका घरबाटो सिफारिस | १०० |
| ३६ | बजार क्षेत्रका घरबाटो सिफारिस | २०० |

| | | |
|---|---|---|
| ३७ | संस्था दर्ता सिफारिस | ३०० |
| ३८ | ब्यावसाय दर्ता सिफारिश | न्युनतम १००–<br>अधिकतम ५०० |
| ३९ | बिबाह प्रमाणिता | २०० |
| ४० | आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस | २०० |
| ४१ | आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | २०० |
| ४२ | घर बाटो प्रमाणित | २०० |
| ४३ | घर कायम सिफारिस | २०० |
| ४४ | मन्जुरीनामा प्रमाणित | २०० |
| ४५ | घर पातल प्रमाणित | २०० |
| ४६ | हकवाला वा  हकदार प्रमाणित | २०० |
| ४७ | नया व्यसाय नविकरण | ५०० |
| ४८ | नया व्यवसाय दर्ता | ५०० |
| ४९ | नक्सा पास पक्की प्रति तला | २००० |
| ५० | नक्सा पास कच्ची प्रति तला | ५०० |
| ५१ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस प्रमाणितमा | ५०० |
| ५२ | सम्पत्ति एवं धितो मुल्याङ्कन | प्रति लाख रु ५० |
| ५३ | वार्षिक आय प्रमाणित | प्रति लाख १ सय प्रति वर्ष |
| ५४ | माथि उल्लेखित बाहेकका सवै किसिमका सिफारिस एवं प्रमाणितहरुमा | २०० |
| नोटः- गाउँ पालिका क्षेत्र भित्रका फरक क्षमता भएका, आर्थिक अवस्था कमजोर भएका तथा प्राकृतिक प्रकोप सम्वन्धि सिफारिसहरुमा प्रकृति हेरी सिफारिस दस्तुर छुट दिईनेछ । | | |

(१४) पर्यटन शुल्क :–

यस गाउँ पालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाईने कार्यलाई यसै आ.व.बाट सुरु गर्न उपयुक्त हुने । जसका लागि अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (ACAP), TIMS लगायत यस गाउँ पालिकाको क्षेत्रभित्र पर्यटनसँग सम्वन्धित सरोकारवालाहरुसँग छलफल र सहकार्य मार्फत शुल्क निर्धारण गर्न उपयुक्त हुने ।

यसका साथै उल्लेखित कर तिर्ने दायित्व भएका ब्यक्ति वा सँस्थाहरुलाइ कुनै पनि किसिमको कर छुट दिन नहुने तथा अन्य कर तथा शुल्क सङ्कलन सम्वन्धि निश्चित ऐन-नियम, कार्यविधि तथा कानूनी प्रकृया पूरा गरी सम्वन्धित गाउँ पालिकाले तोके बमोजिम निर्धारण गरी लागू गर्न सकिने ।

माथि उल्लेखित सेवा-शुल्क, दस्तुर तथा कर मार्फत आर्थिक बर्ष २०७४/०७५ को आन्तरिक राजस्व तथा अनुदान प्राप्तिको अनुमानित विवरणलाई यो समितिले देहाय अनुसार प्रक्षेपण गरी प्रतिवेदन दिईएको छ :–

रु. हजारमा

| शीर्षक | आ.व.२०७४/०७५ |
|---|---|
| राजस्वः | |
| आन्तरिक राजस्वः | |
| सम्पत्ती कर | |
| घरबहाल कर | 00 |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | 40 |
| सवारी साधन कर | 100 |
| सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | 0 |
| दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | 0 |
| पर्यटन शुल्क | 1000 |
| विज्ञापन कर | 10 |
| व्यवसाय कर | 5 |
| भूमिकर (मालपोत) | 200 |
| दण्ड जरिवाना | 10 |
| मनोरञ्जन कर | 5 |
| मालपोत संकलन | 0 |
| बहाल विटौरी घर जग्गा कर | 100 |
| मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | 5 |
| प्राकृतिक स्रोत साधन व्यवसायिक कर | 0 |
| शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | 0 |
| ऋण लगानीबाट प्राप्त व्याज आय | 0 |
| **अन्य (विद्युत रोयल्टि, कुण्ड ब्यवस्थापन, पुनहिल, खयर बराह, अन्ध गल्छी आदि बाट)** | 0 |
| | 3000 |
| **कूल जम्मा** | 4475 |

नोट- राजस्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ ।
स्थानीय तहका राजस्व शिर्षकहरु नतोकिएसम्म यसै वमोजिम गर्ने ।